# वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

## २०८२

नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सिंहदरबार, काठमाडौं

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## विषयसूची


१. पृष्ठभूमि ........ १

२. वन डढेलोका सम्भावित प्रभावहरू ........ २

३. वन डढेलोबाट प्रभावित हुने जिल्लाहरु ........ ३

४. कार्ययोजनाको उद्देश्य ........ ७

५. रणनीतिहरू ........ ८

६. प्राथमिकताका क्षेत्रहरू ........ ८

७. वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना ........ १०

८. वन डढेलो नियन्त्रणका लागि आवश्यक पर्ने सामग्री/उपकरणहरूको सूची र बजेट व्यवस्थापन ........ २१



प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

नेपालमा हुने विभिन्न प्रकारका विपद्‌जन्य घटनाहरुमध्ये वनक्षेत्रमा हुने आगलागी पनि एक हो। वनमा घाँस दाउरा लिन वा गाईवस्तु चराउन जाने मानिसको कमी, काठको विकल्पमा धातु तथा प्लाष्टिकका सामग्रीहरूको बढ्दो प्रयोग र दाउराको विकल्पमा ग्यास तथा विजुलीको उपलब्धताले वन माथिको निर्भरता कम हुन गई वनक्षेत्रको विस्तार भएको छ। वन क्षेत्रको विस्तारसँगै उचित व्यवस्थापन र सदुपयोगको अभावमा वनमा आगलागीको जोखिम पनि बढेको छ। विगत केही वर्षदेखि वन डढेलोका घटनाहरू तीव्र रूपमा बढ्दै गएको देखिन्छ। जलवायु परिवर्तनको असर बढ्दै गइरहेको सन्दर्भमा वनको उचित व्यवस्थापन हुन नसक्दा आगलागीको जोखिम थप बढ्ने उच्च सम्भावना छ।

विगतका घटनाहरूको आधारमा अधिकांश वन डढेलो मानिसहरूले लगाएको देखिन्छ। वन डढेलो लाग्ने कारणहरूमा चरिचरणका लागि आगो लगाउने प्रवृत्ति (३० प्रतिशत), चुरोट पिउनेहरूबाट (१५ प्रतिशत), शिकारीहरूबाट (७ प्रतिशत), वनभोज, क्याम्प फायर आदिबाट (७ प्रतिशत), बच्चाहरू खेल्दा (६ प्रतिशत), अवैध काठ कटान गर्नेहरूबाट (५ प्रतिशत), अतिक्रमणकारीहरूबाट (५ प्रतिशत), खोरीया फडानीबाट (५ प्रतिशत), अज्ञात कारणबाट (४ प्रतिशत), गोल पोल्नेबाट (४ प्रतिशत), जडिबुटी संकलकहरूबाट (३ प्रतिशत), राँको बाल्ले कारणले (३ प्रतिशत), खेतीपातीको लागि (१ प्रतिशत) रहेको पाइन्छ (शर्मा, १९९५; गोल्डा मर २०११)। समग्रमा मानिसहरूको जानाजानीबाट ६४ प्रतिशत, लापरवाहीबाट ३२ प्रतिशत र अज्ञात कारणहरूबाट ४ प्रतिशत वन डढेलो लाग्ने गरेको तथ्याङ्क छ (शर्मा, १९९५; गोल्डामर २०११ वन तथा भू-संरक्षण विभाग, २०७६)।

चट्याङ जस्ता प्राकृतिक कारणबाट पनि वनमा आगलागी हुन सक्छ। खडेरी, गर्मी, सुख्खा हुरीबतास जस्ता मौसम तथा हावापानीको कारणले आगलागीको जोखिम बढ्छ। नेपालमा फागुनदेखि जेष्ठसम्म भएका करिब १२० दिनका वन डढेलोको घटनाहरू विश्लेषण गर्दा मानवीय साथसाथै मौसम तथा हावापानीको कारण आगलागी भएको र छिटो फैलिने तथा बढी क्षति गर्ने गरेको पाइएको छ।

गृह मन्त्रालयबाट प्रकाशित नेपाल विपद् प्रतिवेदन, २०२४ का अनुसार पछिल्लो ६ वर्षको अवधिमा आगलागीका १९ हजार ५९३ घटना घटेका थिए भने आगलागीमा परी ५९३ जनाले ज्यान गुमाएका थिए। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्क अनुसार आ.व. २०७७।७८ देखि आ.व. २०८१।८२ सम्मको वन डढेलोका घटना र वन डढेलोका घटना र तिनमा भएको क्षति तालिका 1 मा उल्लेख गरिएको छ।



प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

*तालिका 1. वन डढेलोका घटना र क्षतिको विवरण (१७ जुलाई २०१८ देखि १६ जुलाई २०२४)*

| आर्थिक वर्ष | घटना संख्या | मृत्यु | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आंशिक | पूर्ण | | | |
| २०७७/२०७८ | ९२ | ३ | २ | ३८ | १ | २७ | २ | ० | ३४,६६,२०० |
| २०७८/२०७९ | ८३ | १ | ३ | ३९ | ९ | २० | १० | ८४ | १,५४,०१२०० |
| २०७९/२०८० | २६८ | ५ | १३ | २६ | ० | ० | २ | ३ | १३,८५,००० |
| २०८०/२०८१ | ९६५ | १७ | २७ | ५३१ | १०३ | २४२ | २६१ | ४३१ | ८७,४३,०३६०० |
| २०८१/२०८२ | ७५१ | ४ | १० | २२२ | २० | ५८ | ६० | ७४ | २,३३,७१,९१० |
| जम्मा | २१५९ | ३० | ५५ | ८५६ | १३३ | ३४७ | ३३५ | ५९२ | ९१,७९,२७,९१० |

स्रोतः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

जनधनको प्रत्यक्ष हानिनोक्सानीको अलावा वन डढेलोको कारणले वायु प्रदुषण भएर जनस्वास्थ्यमा असर पर्छ। त्यसैगरी पानीका मुहान सुक्ने, सुख्खा तथा गर्मी थप बढ्ने हुनाले खानेपानी, सिंचाइ आदि दैनिक अत्यावश्यक स्रोतसाधनको ह्रास हुन्छ। जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीमा ह्रास हुन्छ। अन्ततः दिर्घकालीन रूपमा जनजीवन र अर्थव्यवस्थामा गम्भीर प्रभाव पर्छ।

वन डढेलोको समयमा वृद्धवृद्धा, बालबालिका, सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगीहरूलाई वायु प्रदुषण र प्रतिकूल वातावरणबाट छिट्टै र धेरै असर गर्छ। वन डढेलो फैलिएर बस्ती, खेतबारी तथा उद्योग कलकारखानामा आगलागी हुन सक्छ र व्यापक जनधनको क्षति हुन सक्छ। वन डढेलोको जोखिम न्यूनीकरण गर्न, आगलागी भइहालेमा पनि फैलिन नदिई थप जनधनको क्षति हुन नदिन र जनजीवनमा पर्ने प्रतिकूल प्रभाव कम गर्न आवश्यक पूर्वतयारीका लागि यो कार्ययोजना तयार गरिएको हो।

संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित सरकारी निकाय तथा गैरसरकारी तथा निजी क्षेत्रका संघसंस्थाले पूर्वतयारी गर्दा वन डढेलोको असर कम गर्नको लागि आवश्यक पर्ने सामग्रीहरूको समेत पूर्वतयारी र अग्रीम व्यवस्था गर्नुपर्नेछ। यस कार्ययोजनालाई आधार मानेर वन डढेलोबाट प्रभावित हुने सबै प्रदेश, जिल्ला र स्थानीय तहबाट स्थानीय परिवेश अनुसारको योजना बनाई कार्यान्वयन गर्न यो कार्ययोजना सहयोगी हुने अपेक्षा गरिएको छ। यो कार्ययोजनालाई मार्गदर्शनका रुपमा लिएर प्रदेश, जिल्ला र स्थानीय तहमा वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना बनाई लागू गर्नुपर्नेछ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## २. वन डढेलोका सम्भावित प्रभावहरू

### क) जनस्वास्थ्य

- वन डढेलोमा परी मानिसको मृत्यु तथा घाइते हुन सक्ने।
- वन डढेलोबाट सिर्जित वायुप्रदूषणको कारणले गर्दा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने।
- वायु प्रदूषणका कारण श्वास फेर्न गाह्रो हुने, आँखा पोल्ने र हिड्डुल गर्न कठिन हुने अवस्था आइपर्न सक्ने।
- बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति दीर्घ रोगको औषधी सेवन गरिरहेका व्यक्तिहरू र कमजोर स्वास्थ्य अवस्थाका व्यक्तिहरूमा थप जटिलता उत्पन्न सक्ने।

### ख) जैविक विविधता तथा पारिस्थितिक प्रणाली

- घरपालुवा वस्तुभाउ, वन्यजन्तुको क्षति हुन सक्ने।
- वन जंगलमा रहेका सूक्ष्म जीव तथा वनस्पतिहरूदेखि ठूला स्तनधारी जन्तुहरूको ह्रास हुन सक्ने।
- रुख विरुवा वनस्पतिको क्षति एवं पुनरुत्पादनमा ह्रास आउन सक्ने।
- माटोमा हुने पोषण तत्वमा ह्रास आउनुका साथै अत्यधिक तापक्रमका कारण माटोको संरचना परिवर्तन भई पारिस्थितिक प्रणालीमा समेत असर पर्न सक्ने।
- पानीका मुहान तथा भण्डारमा कमी आउन सक्ने।
- बाढी, पहिरोजन्य विपद्मा वृद्धि हुन सक्ने।
- तापक्रममा वृद्धिले हरितगृह प्रभाव तथा जलवायु परिवर्तनमा बढोत्तरी हुन सक्ने।

### ग) आर्थिक असर

- घरसंरचना तथा सम्पत्तिको क्षति हुन सक्ने।
- वायु प्रदूषणले गर्दा पर्यापर्यटनमा आधारित अर्थव्यवस्थामा नकारात्मक असर पर्न सक्ने।
- कृषि बालीमा कमी आउन सक्ने।

## ३. वन डढेलोबाट प्रभावित हुने जिल्लाहरु

विगतका घटनाहरूको आधारमा आगलागीको जोखिम तथा अति जोखिममा रहेका जिल्लाहरूको विवरण तालिका २ मा दिइएको छ। यसमा जनवरी २०१३ देखि जनवरी २०२६ सम्मको अवधिमा MODIS आधारित वन डढेलो पहिचान तथा अनुगमन प्रणालीबाट प्राप्त वन डढेलो घटना तथ्याङ्क प्रयोग गरिएको छ। उपलब्ध तथ्याङ्कलाई जिल्ला तहमा समेटी सो अवधिमा भएका कुल वन डढेलो घटनाको सङ्ख्या गणना गरिएको छ।

जिल्लाहरूमा वन डढेलो घटनाको वितरण अत्यन्त असमान (skewed) रहेको परिप्रेक्ष्यमा, जोखिम वर्गीकरणका लागि Natural Breaks (Jenks) विधि प्रयोग गरिएको छ। यस विधिले तथ्याङ्कभित्र विद्यमान प्राकृतिक समूहहरू पहिचान गरी वर्गभित्रको भिन्नता न्यून र वर्गहरूबीचको भिन्नता

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

अधिकतम बनाउने सिद्धान्तमा आधारित छ, जसले वन डढेलो घटनाको वास्तविक क्लस्टरिङलाई यथार्थपरक रूपमा प्रतिबिम्बित गर्दछ।

उक्त विधिबाट प्राप्त प्राकृतिक सीमाका आधारमा जिल्लाहरूलाई न्यून जोखिम, मध्यम जोखिम र उच्च जोखिम गरी तीन वर्गमा वर्गीकरण गरिएको छ। उच्च सङ्ख्यामा तथा निरन्तर रूपमा वन डढेलो देखिने जिल्लाहरूलाई उच्च जोखिम वर्गमा, मध्यम स्तरका पुनरावृत्त घटना भएका जिल्लाहरूलाई मध्यम जोखिम वर्गमा तथा तुलनात्मक रूपमा कम वन डढेलो घटना भएका जिल्लाहरूलाई न्यून जोखिम वर्गमा राखिएको छ। यसरी गरिएको वर्गीकरणले वन डढेलो रोकथाम, पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रमहरूको प्राथमिकता निर्धारणमा ठोस आधार प्रदान गर्दछ।

***तालिका २. वन डढेलो जोखिमको जिल्लागत अवस्था***

| जिल्ला | डढेलो घटना (सन् २०१३-२०२५) | जोखिम |
|---|---|---|
| बाँके | १७६९ | उच्च जोखिम |
| बर्दिया | २०५१ | उच्च जोखिम |
| चितवन | १९५८ | उच्च जोखिम |
| दाङ | १८०० | उच्च जोखिम |
| कैलाली | १७३८ | उच्च जोखिम |
| कञ्चनपुर | १५३२ | उच्च जोखिम |
| पर्सा | १४६७ | उच्च जोखिम |
| सल्यान | १३०२ | उच्च जोखिम |
| सुर्खेत | २०५७ | उच्च जोखिम |
| अछाम | ७०० | मध्यम जोखिम |
| अर्घाखाँची | ४७५ | मध्यम जोखिम |
| बारा | ५६५ | मध्यम जोखिम |
| डडेलधुरा | ९३३ | मध्यम जोखिम |
| डोटी | १०१४ | मध्यम जोखिम |
| गोर्खा | ४६७ | मध्यम जोखिम |
| जाजरकोट | ५५४ | मध्यम जोखिम |
| कपिलवस्तु | ५७७ | मध्यम जोखिम |
| मकवानपुर | ९०० | मध्यम जोखिम |
| नवलपुर | ६५९ | मध्यम जोखिम |
| प्युठान | ७५२ | मध्यम जोखिम |
| सिन्धुली | ७३२ | मध्यम जोखिम |
| उदयपुर | ७७४ | मध्यम जोखिम |
| बाग्लुङ | ११६ | न्यून जोखिम |
| बैतडी | २९० | न्यून जोखिम |



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| जिल्ला | डढेलो घटना (सन् २०१३-२०२५) | जोखिम |
|---|---|---|
| बझाङ | ३९१ | न्यून जोखिम |
| बाजुरा | २६१ | न्यून जोखिम |
| भोजपुर | २०२ | न्यून जोखिम |
| दैलेख | ३९६ | न्यून जोखिम |
| दार्चुला | १८१ | न्यून जोखिम |
| धादिङ | ३५७ | न्यून जोखिम |
| धनकुटा | २०० | न्यून जोखिम |
| धनुषा | १८४ | न्यून जोखिम |
| दोलखा | २१७ | न्यून जोखिम |
| डोल्पा | २९४ | न्यून जोखिम |
| गुल्मी | २४१ | न्यून जोखिम |
| हुम्ला | २४० | न्यून जोखिम |
| इलाम | ७१ | न्यून जोखिम |
| झापा | ८० | न्यून जोखिम |
| जुम्ला | १७४ | न्यून जोखिम |
| काभ्रेपलाञ्चोक | २०६ | न्यून जोखिम |
| कालीकोट | २५७ | न्यून जोखिम |
| कास्की | १२५ | न्यून जोखिम |
| काठमाडौं | ११ | न्यून जोखिम |
| खोटाङ | ३०१ | न्यून जोखिम |
| ललितपुर | ४६ | न्यून जोखिम |
| लमजुङ | ३१३ | न्यून जोखिम |
| महोत्तरी | १९४ | न्यून जोखिम |
| मनाङ | ६७ | न्यून जोखिम |
| मोरङ | ११९ | न्यून जोखिम |
| मुगु | १६० | न्यून जोखिम |
| मुस्ताङ | १२ | न्यून जोखिम |
| म्याग्दी | ३०० | न्यून जोखिम |
| नुवाकोट | १३० | न्यून जोखिम |
| ओखलढुङ्गा | १८४ | न्यून जोखिम |
| पाल्पा | ३३८ | न्यून जोखिम |
| पाँचथर | २२६ | न्यून जोखिम |
| परासी | ११० | न्यून जोखिम |
| पर्वत | ७७ | न्यून जोखिम |
| रामेछाप | २०६ | न्यून जोखिम |
| रसुवा | १८३ | न्यून जोखिम |


नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| जिल्ला | डढेलो घटना (सन् २०१३-२०२५) | जोखिम |
|---|---|---|
| रौतहट | ३३४ | न्यून जोखिम |
| रोल्पा | १३४ | न्यून जोखिम |
| पूर्वी रूकुम | २३० | न्यून जोखिम |
| पश्चिम रूकुम | २९२ | न्यून जोखिम |
| रुपन्देही | २१४ | न्यून जोखिम |
| सङ्खुवासभा | १८२ | न्यून जोखिम |
| सप्तरी | २१८ | न्यून जोखिम |
| सर्लाही | २३४ | न्यून जोखिम |
| सिन्धुपाल्चोक | १६३ | न्यून जोखिम |
| सिराहा | ६७ | न्यून जोखिम |
| सोलुखुम्बु | ८३ | न्यून जोखिम |
| सुनसरी | ९९ | न्यून जोखिम |
| स्याङ्जा | १४८ | न्यून जोखिम |
| तनहुँ | २१३ | न्यून जोखिम |
| ताप्लेजुङ | २१९ | न्यून जोखिम |
| तेह्रथुम | १६१ | न्यून जोखिम |
| भक्तपुर | ५२ | न्यून जोखिम |

## वन डढेलो जोखिम नक्शा






नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

प्रसाद भट्ट
कार्यकारी प्रमुख

## ४. कार्ययोजनाको उद्देश्य

वन डढेलो व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ को प्रमुख उद्देश्य सरोकारवाला सबै पक्षसँगको समन्वय, सहकार्य र सहभागितामा वन डढेलोको जोखिम न्यूनीकरण गर्दै वन डढेलोबाट हुन सक्ने सम्भावित क्षति तथा जनजीवनमा पर्ने असर कम गर्नु रहेको छ। अन्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

(क) वन डढेलो पूर्वानुमान, निगरानी तथा चेतावनीलाई प्रभावकारी बनाउनु।

(ख) पूर्वतयारी र वन व्यवस्थापनका उपायहरू अवलम्बन गरी वन डढेलोको जोखिम कम गर्नु।

(ग) संघ, प्रदेश तथा स्थानीय तहका जिम्मेवार निकाय तथा सरोकारवालाहरूका बीचमा समन्वय गरी डढेलो नियन्त्रणका प्रयासहरूलाई थप प्रभावकारी र परिणाममुखी बनाउनु।

(घ) वन डढेलो नियन्त्रण गरी जनधन तथा पर्यावरणीय स्रोतको हानिनोक्सानी न्यूनीकरण गर्नु।

## ५. रणनीतिहरू

(क) जनचेतना अभिवृद्धि तथा नियमनलाई प्रभावकारी बनाई वन डढेलोको जोखिम बारेको बुझाइ स्पष्ट पार्ने।

(ख) वन डढेलोको आकलन, वन क्षेत्र एवं वनजन्य इन्धन व्यवस्थापन गरी आगलागीको जोखिम न्यूनीकरण गर्ने।

(ग) मौसम पूर्वानुमान एवं पूर्वसूचनालाई सुदृढ र सबल बनाई वन डढेलोजन्य विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने।

(घ) प्रविधिको प्रयोग एवं मानव संसाधन परिचालन मार्फत आगलागी जोखिम क्षेत्रको निगरानी, अनुगमन, पहिचान तथा पूर्वचेतावनीलाई प्रभावकारी बनाउने।

(ङ) सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय, सहकार्य, संचार कायम गर्दै सचेतनामूलक अभियान, तालिम र कृत्रिम अभ्यास मार्फत पूर्वतयारी तथा डढेलो नियन्त्रण कार्यलाई सुदृढ तुल्याउने।

(च) वन डढेलोबाट प्रभावित वर्ग, क्षेत्र र समुदायको उद्धार, उपचार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउने।

(छ) अनुगमन र तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाई पृष्ठपोषण र अध्ययन तथा अनुसन्धानको आधार तयार गर्ने।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

### ६. प्राथमिकताका क्षेत्रहरू

यस कार्ययोजनाका निम्न प्राथमिकताका क्षेत्रहरू परिचान तथा प्राथमिकीकरण गरिएको छ। सम्बन्धित तह तथा निकायले आफ्नो कार्ययोजनामा निर्धारण गर्ने प्राथमिकताका क्षेत्रहरू घटबढ हुन सक्नेछन्।

(क) वन डढेलोको जोखिम न्यूनीकरण तथा अग्नि नियन्त्रणनका लागि सरोकारवाला निकायहरू बीच प्रभावकारी समन्वय र सहकार्य।

(ख) वन डढेलो जोखिम क्षेत्रको नक्साङ्कन तथा प्राथमिकीकरण।

(ग) वन डढेलोको निगरानी, पहिचान तथा थप फैलन सक्ने जोखिमको विश्लेषण।

(घ) मौसम पूर्वानुमानको विश्वसनीयतामा सुधार तथा पूर्वसूचनाको प्रभावकारी आदानप्रदान।

(ङ) सबै तहमा समन्वयात्मक पूर्वतयारी तथा प्रभावकारी परिचालन।

(च) मानवीय कारणबाट हुने आगलागी कम गर्न जनचेतना अभिवृद्धि र नियमन।

(छ) प्रभावकारी अग्नि नियन्त्रण, खोज तथा उद्धार।

(ज) वन डढेलो प्रभावितका लागि आवश्यक राहत सहायता तथा बीमा लगायतका वित्तीय जोखिम व्यवस्थापन रणनीतिको पहिचान तथा कार्यान्वयन।

(झ) संकटासन्न समूहको विशेष संरक्षण तथा हेरचाह।

प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

## ७. वन डढेलो नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

### ७.१ जनचेतना अभिवृद्धि तथा नियमनलाई प्रभावकारी बनाई वन डढेलोको जोखिम बारेको बुझाइ स्पष्ट पार्ने।

| क.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलो सचेतना सप्ताह मनाउने। | चैत्र १-७ | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, प्रदेश वन क्षेत्र हेर्ने मन्त्रालय र अन्तर्गतका निकायहरु, सामुदायिक वन उपभोक्ता समिति, स्थानीय तह, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, निजी क्षेत्र, नागरिक समाज, संचार जगत | |
| २ | सामुदायिक/साझेदारी/कबुलियती/मध्यवर्ती/संरक्षण क्षेत्र/राष्ट्रिय निकुञ्ज वन उपभोक्ता समूहमा आगलागीका दुष्परिणाम तथा न्यूनीकरणका उपायका बारेमा छलफल चलाउने। | फाल्गुन/निरन्तर | डिभिजन वन कार्यालय, सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्ष कार्यालय | सामुदायिक वन उपभोक्ता समितिं, स्थानीय तह, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |
| ३ | वन डढेलोको जोखिम, हानिनोक्सानी, प्रतिकूल प्रभावहरूको बारेमा राष्ट्रिय रूपमा आमसञ्चार माध्यमबाट प्रचार-प्रसार गर्ने गराउने। | फाल्गुन/निरन्तर | वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय, संचार जगत | |
| ४ | डढेलो लगाउने कार्यलाई निरुत्साहन गर्न विद्यमान कानून कडाईपूर्वक लागू गर्ने। | निरन्तर | वन तथा वातावरण मन्त्रालय, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय | सुरक्षा निकाय | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि
दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ५ | विद्यालय मार्फत आगलागीका दुष्परिणाम तथा न्यूनीकरणका उपायका बारेमा सचेतना जगाउने। | माघ/निरन्तर | वन तथा वातावरण मन्त्रालय, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |
| ६ | विपद् पोर्टलमा वन डढेलो सम्बन्धी सूचना निरन्तर उपलब्ध गराउने। | वन डढेलो अवधिभर/निरन्तर | सुरक्षा निकाय, आपत्कालीन कार्यसंचालन केन्द्रहरू | स्थानीय तह, प्रदेश सरकार, सामुदायिक वन उपभोक्ता समूह | |
| ७ | वन डढेलो र घरमा हुने आगलागीका घटनाको एकीकृत रूपमा समाधान गर्न किसान, बालबालिका, गृहणीजस्ता वर्गलाई लक्षित गरी सुरक्षित आगो प्रयोग सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | स्थानीय तह, वन अनुसन्धान तथा तालिम केन्द्र, सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, वन डिभिजन/सवडिभिजन कार्यालयहरू | प्रदेश सरकार, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | |
| ८ | वन डढेलो न्यूनीकरण सम्बन्धी बहुभाषामा सचेतनामूलक श्रव्यदृश्य सामग्री उत्पादन, प्रकाशन तथा प्रसारणको व्यवस्था मिलाउने एवं एकरूपता ल्याउने। | निरन्तर/डढेलो अवधिभर | वन तथा वातावरण मन्त्रालय, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण प्रदेश सरकार, स्थानीय तह, संचार जगत | |
| ९ | वन डढेलो संवेदनशील क्षेत्रहरूमा माइकिङ एवं प्रचारप्रसार सामग्रीहरू वितरण गर्ने तथा आगलागीका असर र वनमा आगो लगाउनेलाई हुने कानूनी कारबाहीबारे सचेतनामूलक कार्यक्रम संचालन गर्ने। | निरन्तर/डढेलो अवधिभर | वन डिभिजन /सवडिभिजन कार्यालय | प्रदेश सरकार, वन उपभोक्ता समूह, स्थानीय तह, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |
| १० | कृषि क्षेत्र, बस्ती नजिकका खरबारी, कान्ला तथा कृषिका अवशेषहरूमा आगो लगाउने मौसममा किसानहरूलाई नियन्त्रित डढेलो व्यवस्थापनबारे प्रशिक्षण दिने। | माघ/निरन्तर | डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्यालय | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समूहहरू, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

डा. दिपेन्द्रप्रसाद भट्ट
कार्यकारी प्रमुख

| क.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |

## ७.२ वन डढेलोको आकलन, वन क्षेत्र एवं वनजन्य इन्धन व्यवस्थापन गरी आगलागीको जोखिम न्यूनीकरण गर्ने।

| क.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलोको आकलन, नक्साङ्कन तथा क्षेत्र निर्धारण गरी सार्वजनिक गर्ने। | माघ/निरन्तर | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वातावरण विभाग, वन तथा भू-संरक्षण विभाग | प्रदेश सरकार, स्थानीय तह, संघसंस्थाहरू, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय र अन्तर्गतका कार्यालयहरु | |
| २ | वन डढेलो मौसम (फागुनदेखि जेष्ठसम्म १२० दिन) अघि नै इन्धन व्यवस्थापनको लागि वस्ती वरीपरी रहेको वनमा काँटछाँट, सरसफाइ, अग्निरेखा निर्माण वा वन सरसफाइ नियमित गर्ने। | माघ/नियमित | डिभिजन/सबडिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्यालय | सामुदायिक वन उपभोक्ता समूहहरू, सुरक्षा निकाय | |
| ३ | वनजन्य इन्धन व्यवस्थापन उद्योग प्रवर्धन (घरेलु उधमहरू जस्तैः पत्करबाट व्रिकेट, टपरी उत्पादन तथा प्राङ्गारिक मल उत्पादन) गरी कृषि र वनको उत्पादकत्व वृद्धिमा योगदान पुऱ्याउने। | निरन्तर | सबडिभिजन/डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र कार्यालय, सेक्टर वन कार्यालय र वन उपभोक्ता समूह, कृषक समूह | निजी क्षेत्र, स्थानीय तह, प्रदेश सरकार, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |
| ४ | वन डढेलोको संभावित क्षेत्रमा पानीका स्रोत पहिचान, अग्नी रेखा निर्माण र पानी पोखरीहरू तयार तथा मर्मत संभार, पानीका स्रोत तथा पोखरीसम्म जाने बाटो पहिचान, संरक्षण तथा रेखाङ्कन गर्ने। | फाल्गुन/निरन्तर | डिभिजन/सबडिभिजन वन कार्यालयहरू, सामुदायिक वन उपभोक्ता समूहहरू, सुरक्षा निकाय | स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

### ७.३ मौसम पूर्वानुमान एवं पूर्वसूचनालाई सुदृढ र सबल बनाई वन डढेलोजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने।

| क.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | गर्मी, खडेरी, हुरीबतास आदि आगलागीको जोखिम बढी हुने मौसमी अवस्थाको स्थान विशेष केन्द्रित मौसम पूर्वानुमानलाई थप सुदृढ र प्रभावकारी बनाउने। | निरन्तर | जल तथा मौसम विज्ञान विभाग | वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |
| २ | आगलागीको जोखिम सम्बन्धी पूर्वानुमानको आधारमा सम्भावित जोखिम तथा जोखिम क्षेत्रको विवरणसहित पूर्वसूचना तयारी तथा सम्प्रेषण गर्ने। | मौसम पूर्वानुमान प्राप्त भएपछि तत्काल | वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | जल तथा मौसम विज्ञान विभाग, सुरक्षा निकाय, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति, संचार जगत, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था | |
| ३ | आगलागीको जोखिम कम गर्न तत्काल गर्नुपर्ने उपाय तथा गर्न नहुने कामहरू सहितको सूचना तथा निर्देशन जारी गर्ने। | पूर्वसूचनाको साथसाथै | वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय र सो अन्तर्गतका कार्यालयहरु, स्थानीय तह, सञ्चार जगत, सुरक्षा निकाय | |
| ४ | Forest fire alert & response system विकास र कार्यान्वयन गर्ने। | निरन्तर | वन तथा वातावरण मन्त्रालय/वन तथा भू-संरक्षण विभाग, जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश सरकार, स्थानीय तह, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, विश्वविद्यालय र अनुसन्धानमूलक निकायहरु | |



प्रमाणित प्रतिलिपि

७.४ प्रविधिको प्रयोग एवं मानव संसाधन परिचालन मार्फत आगलागी जोखिम क्षेत्रको निगरानी, अनुगमन, पहिचान तथा पूर्वचेतावनीलाई प्रभावकारी बनाउने।

| क.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेरालु तथा क्यामेरा आदिबाट वन क्षेत्रको अनुगमन र आगलागीको निगरानी गर्ने। | वन डढेलो अवधिभर /निरन्तर | वन उपभोक्ता समूहहरु, डिभिजन/सबडिभिजन वन कार्यालयहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु कार्यालय | प्रदेश वन क्षेत्र सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय, स्थानीय तह, सुरक्षा निकाय | |
| २ | स्याटेलाइट, ड्रोन आदिबाट वन क्षेत्रको अनुगमन र आगलागीको निगरानी गर्ने। | फाल्गुन/डढेलो अवधिभर | वन तथा वातावरण मन्त्रालय, प्रदेश वन क्षेत्र सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय र अन्तर्गतका निकायहरु | इसिमोड, सुरक्षा निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, विश्वविद्यालय र अनुसन्धानमूलक निकायहरु | |
| ३ | वन डढेलो लक्षित सुरक्षा निकाय तथास्थानीय समुदायको निगरानी तथा डढेलो नियन्त्रण अभियान सञ्चालन गर्ने। | फाल्गुन/डढेलो अवधिभर | सुरक्षा निकाय, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, स्थानीय तह, वन डिभिजन/सबडिभिजन कार्यालयहरू | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, सामुदायिक वन उपभोक्ता समूहहरू | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

प्रमाणित प्रतिलिपि

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

**७.५ सरोकारवाला निकायहरुबीच प्रभावकारी समन्वय, सहकार्य, संचार कायम गर्दै सचेतनामूलक अभियान, तालिम र कृत्रिम अभ्यास मार्फत पूर्वतयारी तथा डढेलो नियन्त्रण कार्यलाई सुदृढ तुल्याउने।**

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलो नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी विभिन्न तहमा नियमित रूपमा गोष्ठी र समन्वय बैठक सञ्चालन गर्ने। | माघ/निरन्तर | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | वन डिभिजन/सबडिभिजन कार्यालयहरू, जिल्ला विपद् व्यवस्थापन समिति, संघसंस्थाहरू | |
| २ | डढेलो नियन्त्रणका लागि आवश्यक उपकरण तथा औजार जुटाउने।<br>✓ संघले ठूलो स्तरको, प्रदेशले मध्यम स्तरको र डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समूहहरूले सानो स्तरको आगलागी नियन्त्रण गर्न आवश्यक उपकरण, औजार तथा सामग्री (दमकल, ड्रोन, पानी, आगो निभाउने रसायन आदि) जुटाउने। | माघ/निरन्तर | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश वन क्षेत्र सम्बन्धी कार्य गर्ने मन्त्रालय र अन्तर्गतका निकायहरु, स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार, सामुदायिक वन उपभोक्ता समूहहरू | |
| ३ | आगलागीको जोखिम स्तर अनुसार संघले ठूलो स्तरको, प्रदेशले मध्यम स्तरको र डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समुहहरूले सानो स्तरको आगलागी नियन्त्रण गर्न आवश्यक जनशक्ति तथा तिनीहरूले प्रयोग गर्नुपर्ने फायर फाइटिङ्ग गियरसहित पूर्वतयारी गर्ने। | माघ/निरन्तर | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश वन क्षेत्र सम्बन्धी कार्य गर्ने मन्त्रालय र अन्तर्गतका निकायहरु, स्थानीय तह | प्रदेश सरकार, वन तथा भू-संरक्षण विभाग, जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार, सामुदायिक वन उपभोक्ता समूहहरू | |
| ४ | स्वयंसेवक, सामुदायिक वन उपभोक्ता समूह, सुरक्षा निकायलाई अग्नी नियन्त्रण तालिम प्रदान, मेशिन | माघ/निरन्तर/डढेलो अवधिभर | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन | जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट कार्यकारी प्रमुख

| क.सं. | कियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | औजार, सामग्रीको व्यवस्था, नमूना अभ्यास सञ्चालन तथा परिचालन गर्ने। | | प्राधिकरण, प्रदेश वन क्षेत्र सम्बन्धी कार्य गर्ने मन्त्रालय र अन्तर्गतका निकायहरु | निकायहरू, विकास साझेदार, सामुदायिक वन उपभोक्ता समूहहरू | |
| ५ | सम्बद्ध निकायबीच समन्वय र सहकार्य गरी आगलागीको प्रकृति, खतरा स्तर, भौगोलिक विकटता आदि अनुसार कार्य विभाजन गरेर डढेलो नियन्त्रण गर्ने। | डढेलो लागेको सूचना प्राप्त हुने वित्तिकै तत्काल | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, प्रदेश वन क्षेत्र सम्बन्धी कार्य गर्ने मन्त्रालय र अन्तर्गतका निकायहरु | जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था | |
| ६ | केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा वन डढेलो विपद् घटना नियन्त्रण प्रणाली (Forest Fire Incident Control System) विकास गर्ने। | फाल्गुन/निरन्तर | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन ममिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, सामुदायिक वन उपभोक्ता समूहहरू | |
| ७ | अग्नी नियन्त्रक उपकरण एवं राहत तथा उद्धार सामग्रीहरू (दमकल, एम्बुलेन्स, हेलिकप्टर, बाम्बी बकेट आदि), तालिम प्राप्त जनशक्ति र सञ्चार प्रणालीहरूको लगत सङ्कलन तथा मूल्याङ्कन गर्ने एवं अग्नी नियन्त्रक सामग्रीहरूको व्यवस्थापन गर्ने। | फाल्गुन/निरन्तर | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय र अन्तर्गतका निकायहरु, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | सुरक्षा निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, निजी क्षेत्र | |
| ८ | वन डढेलो नियन्त्रणका लागि वन दस्ता गठन तथा परिचालन गर्ने। | वन डढेलो अवधिभर/निरन्तर | स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूहहरू, डिभिजन/सबडिभिजन वन कार्यालयहरू | जिल्ला विपद् व्यवस्थापन समिति | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ९ | जिल्ला तथा स्थानीयस्तरमा Rapid Response Team (RRT) गठन गरी प्रभावकारी रूपमा परिचालन गर्ने। | वन डढेलो अवधिभर | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, डिभिजन वन कार्यालयहरू, सामुदायिक वन उपभोक्ता समूहहरू | सुरक्षा निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार | |
| १० | ज्येष्ठ नागरिक, महिला र अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, बालबालिकाहरूलाई वन डढेलो प्रतिकार्य सम्बन्धी सचेतना अभिवृद्धि तथा आवश्यकता अनुसार तालिम प्रदान गर्ने। | माघ/निरन्तर | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरू, प्रदेश वन सम्बन्धी कार्य क्षेत्र भएको मन्त्रालय र अन्तर्गतका निकायहरू, स्थानीय तह | राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार, सुरक्षा निकाय | |
| ११ | आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुद्वारा पूर्वतयारी तथा प्रतिकार्यको अवधिमा साधन स्रोत परिचालन र समन्वयमा नेतृत्व तथा सहयोग गर्ने। | निरन्तर | राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | |

**७.६ वन डढेलोबाट प्रभावित वर्ग, क्षेत्र र समुदायको उद्धार, उपचार, राहत तथा पुनर्स्थापना सम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउने।**

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | वन डढेलोबाट प्रभावित महिला, बालबालिका, गर्भवती महिला, दीर्घरोगी, अपांगता भएका व्यक्तिहरुको हेरचाह तथा सुरक्षित बासस्थानको व्यवस्था गर्ने। | तुरुन्त | जिल्ला/स्थानीय विपद् व्यवस्थापन समिति, डिभिजन/सवडिभिजन वन कार्यालयहरू | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय र अन्तर्गतका निकायहरु, स्थानीय तह | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| २ | वन डढेलो वा उक्त आगो फैलिएर हानिनोक्सानी व्यहोरेका परिवारको लागि राहत सामग्रीको पूर्वव्यवस्था तथा बन्दोबस्ती गर्ने। | माघ/वन डढेलो अवधिभर | स्थानीय/जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरू, सुरक्षा निकाय, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, निजी क्षेत्र | |
| ३ | तत्कालीन मानवीय सेवाका कार्यहरू जस्तैः समन्वय, लेखाजोखा, खोजतलास, उद्धार, बन्दोवस्ती, स्वास्थ्य उपचार, खानेपानी, सरसफाइ, आवास र संचार जस्ता तत्कालीन प्राथमिकता प्राप्त सेवाहरू पुनर्स्थापना गर्ने। | तुरुन्त | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समूहहरू, जिल्ला विपद् व्यवस्थापन समिति | स्वास्थ्य संस्थाहरु, डिभिजन /सवडिभिजन वन कार्यालयहरू, प्रदेश सरकार, सुरक्षा निकाय, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकाय, विकास साझेदार, निजी क्षेत्र | |
| ४ | आगलागीमा परेका जङ्गली पशुपन्छीको उद्धार, उपचार र पुनर्स्थपना गर्ने। | तुरुन्त | डिभिजन/सवडिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा आरक्ष कार्यालय, सामुदायिक वन उपभोक्ता समूह | सुरक्षा निकाय, वन सम्वद्ध संघसंस्थाहरु, पशुसेवा केन्द्रहरु | |
| ५ | वन डढेलोले क्षति पुगेका भौतिक संरचनाहरू, निजी आवास पुनर्निर्माण गर्न सहयोग प्रदान गर्ने। | तत्काल/निरन्तर | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति | कार्यजिम्मेवारी अनुसारका मन्त्रालय /निकायहरू, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार, निजी क्षेत्र | |
| ६ | वन डढेलो पीडित व्यक्ति तथा परिवारहरूलाई अन्य आगलागी पीडितहरूलाई सरह उचित राहत दिने। | तुरुन्त | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट कार्यकारी प्रमुख

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ७ | वन डढेलोबाट क्षति पुगेका वन पैदावारको विवरण यथाशीघ्र सङ्कलन गरी उचित व्यवस्थापन गर्ने र डढेलोबाट प्रभावित क्षेत्र सफा गर्ने। | तुरुन्त/निरन्तर | सवडिभिजन वन कार्यालयहरू, स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूहहरू | डिभिजन वन कार्यालयहरू, सुरक्षा निकाय | |
| ८ | डढेलोले क्षति भएको वन क्षेत्रमा पहिरो तथा अन्य प्रकोप बढ्न नदिन भू-संरक्षण गर्ने। | निरन्तर | सवडिभिजन वन कार्यालयहरू, स्थानीय तह, सुरक्षा निकाय, सामुदायिक वन उपभोक्ता समूह | डिभिजन वन कार्यालय, भू-संरक्षण कार्यालय, अनुसन्धानमूलक निकाय, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार | |
| ९ | डढेलोले क्षति भएको वन क्षेत्रको सुरक्षा गरी प्राकृतिक पुनरुत्पादन तथा वृक्षारोपण गरी पुनर्भरण गर्ने। | तत्काल/निरन्तर | सवडिभिजन वन कार्यालयहरू, स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह | डिभिजन वन कार्यालय, भू-संरक्षण कार्यालय, सुरक्षा निकाय, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास सांझेदार | |

**७.७ अनुगमन र तथ्याङ्क व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाई पृष्ठपोषण र अध्ययन तथा अनुसन्धानको आधार तयार गर्ने।**

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | विभिन्न तह र अन्तर निकायहरूबीच वन डढेलो विपद् व्यवस्थापनका सम्बन्धमा (डढेलोयाम अगावै, डढेलो याममा र डढेलो याम पश्चात्) समन्वय बैठकहरू राख्ने। | हरेक ३० दिनमा वन डढेलो अवधिभर | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय र अन्तर्गतका निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| २ | Forest fire observation, surveillance, alert & response system विकास र कार्यान्वयन गर्ने। | निरन्तर | वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु, प्रदेश वन सम्बन्धी कार्यक्षेत्र भएको मन्त्रालय र अन्तर्गतका निकायहरु, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | स्थानीय तह, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार, | |
| ३ | आगलागीबाट भएको क्षति तथा कारणको अनुगमन, मूल्याङ्कन तथा अभिलेखन गर्ने (राष्ट्रिय स्तर)। | डढेलो अवधिभर /हरेक ३०-३० दिनमा | वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकारण तथा व्यवस्थापन प्राधिकरण | |
| ४ | आगलागीबाट भएको क्षति तथा कारणको अनुगमन, मूल्याङ्कन तथा अभिलेखन गर्ने (प्रदेश स्तर)। | डढेलो अवधिभर /हरेक ३०-३० दिनमा | प्रदेश वन हेर्ने मन्त्रालय | प्रदेश विपद् जोखिम न्यूनीकारण तथा व्यवस्थापन कार्यकारी समिति | |
| ५ | आगलागीबाट भएको क्षति तथा कारणको अनुगमन, मूल्याङ्कन तथा अभिलेखन गर्ने (स्थानीय स्तर)। | डढेलो अवधिभर /हरेक ३०-३० दिनमा | डिभिजन/सवडिभिजन वन कार्यालय | स्थानीय/जिल्ला विपद् व्यवस्थापन समिति | |
| ६ | आगलागी नियन्त्रण गर्न भएका प्रयासहरूको अभिलेखन गर्ने। | डढलो सिजन अघि/डढेलो सिजन अवधिभर/डढेलो सिजन पश्चात्/निरन्तर | वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकारण तथा व्यवस्थापन प्राधिकरण | |
| ७ | क्षति तथा क्षति न्यूनीकरणमा भएका काम र उपलब्धिको तथ्याङ्क व्यवस्थापन गर्ने। | निरन्तर | वन तथा वातावरण मन्त्रालय, प्रदेश वन हेर्ने मन्त्रालय | राष्ट्रिय विपद् जोखिम न्यूनीकारण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति | |

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं



प्रमाणित प्रतिलिपि

डा. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ८ | वन डढेलो जोखिम न्यूनीकरण तथा व्यवस्थापन बारे खोज, अध्ययन, अनुसन्धान गर्ने। | निरन्तर | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, विश्वविद्यालयहरु, अनुसन्धानमूलक संस्थाहरु | वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकारण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय /अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार | |
| ९ | वन डढेलोको सिजनको अन्त्य पश्चात् राष्ट्रिय तथा प्रादेशिक स्तरमा वार्षिक समीक्षा गर्ने। | जेठ | वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश वन हेर्ने मन्त्रालय | सुरक्षा निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था, संयुक्त राष्ट्रसंघीय निकायहरू, विकास साझेदार, सरोकारवाला अन्य सबै निकायहरु | |

प्रमाणित प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

इ. दिनेश प्रसाद भट्ट
कार्यकारी प्रमुख